प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)
कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः ०७९।०८०
चलानी नं.: ९४५

मितिः २०७९।१२।०९

विषयः सम्झौता गर्ने सम्वन्धी सूचना ।

श्री तपसिलमा उल्लेखित विद्यालयहरु, कोशी प्रदेश, नेपाल

प्रस्तुत विषयमा श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरबाट विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रम सञ्चालनका लागि छनौट भएका तपसिलमा उल्लेखित विद्यालयहरुले मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ र Specification अनुसार कार्यसम्पादन गर्ने गरी सम्झौता गर्न २०७९ चैत्र मसान्तसम्म देहायमा उल्लेखित प्रमाणित कागजात सहित कार्यालय समय भित्र यस मन्त्रालयमा पेश गर्नुहुन अनुरोध छ ।

*पेश गर्नुपर्ने आवश्यक कागजातहरु*

१. विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रम अन्तर्गत स्वीकृत Specification बमोजिमको Water Filters खरिद तथा व्यवस्थापन गरिने स्पष्ट उल्लेख गरी सम्झौता गर्ने र निर्धारित समयमा सम्पन्न गर्ने प्रतिबद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

२. विद्यालयलाई कार्यक्रम आवश्यक भएको र सो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक सहयोग उपलव्ध गराइने सुनिश्चतता सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

३. कार्यक्रमका लागि विद्यालय वा स्थानीय तहले १५ प्रतिशत लागत व्यहोर्ने निर्णय सहितको प्रतिबद्धता ।

४. प्रअ र विव्यस अध्यक्षले हस्ताक्षर गरेको संलग्न ढाँचाको सम्झौता पत्र ।(२ प्रति)

५. KYC Updated चेकको भित्री पाना (नगद झिक्न प्रयोग हुने पाना) को स्पष्ट देखिने फोटोकपी ।

कृष्णप्रसाद पोखेल
उप-सचिव
उप-सचिव

वोधार्थ
श्री सम्वन्धित सवै स्थानिय तहहरु, कोशी प्रदेश, जानकारी तथा आवश्यक सहयोगका लागि ।
श्री शिक्षा विकास निर्देशनालय, धनकुटाः ताहाँको Website मा समेत सूचना राखी अन्य आवश्यक सहयोग गर्नु हुन ।

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः

चलानी नं.:

तपसिलः

## Specification of Water Filters

| S.NO | Particulars | Quantity |
|---|---|---|
| 1 | Mono Block Pump (0.5hp/1 hp) | 1 |
| 2 | FRP Vessel Sand 1354 | 1 |
| 3 | FRP Vessel Carbon 1354 | 1 |
| 4 | Filter MPV Sand 20 NB | 1 |
| 5 | Filter MPV Carbon 20 NB | 1 |
| 6 | Sand Media | 140 kg |
| 7 | Carbon | 30 kg |
| 8 | UV 1000 LPH (36") | 1 |
| 9 | Rota Meter Panel Mount 600 LPH | 1 |
| 10 | Pressure Gauge 2.5" (0.7 kg) | 1 |
| 11 | SS Tank (500 liters/ 1000 liters) | 1 |
| 12 | Plastic Tank (500 liters/ 1000 liters) | |
| 13 | Others Fittings ( Long Body big cock Minimum 5 pcs Dhara, Stainless Steel basin Minimum 5 pcs, Plumbing, Union, Albo, Coupler socket, Cpvc pipe & Other Fitting Items As per Requirement) | |

स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रममा छनौट भएका विद्यालयहरु

| सि.न. | संस्थाको नाम | स्थानीय तह | वडा | गाउँ | जिल्ला | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | सीता आ.वि. | भद्रपुर | २ | | झापा | ३००००० |
| २ | पशुपतिनाथ आ.वि. | भद्रपुर | ९ | | झापा | ३००००० |
| ३ | हिमालय आवि | शिवसताक्षी | २ | | झापा | ३००००० |
| ४ | पशुपति आवि | भद्रपुर | ९ | | झापा | ३००००० |
| ५ | लालपानी मावि | कन्काई | | | झापा | ३००००० |
| ६ | कन्काई मावि | कन्काई न.पा. | | | झापा | ३००००० |
| ७ | झिलझिले मावि | शिवसताक्षी | | | झापा | ३००००० |
| ८ | बखरी आ.वि, | विराटनगर | १२ | | मोरङ | ३००००० |

उप-सचिव

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्याः

चलानी नं.:

| सि.न. | संस्थाको नाम | स्थानीय तह | वडा | गाउँ | जिल्ला | विनियोजित रकम रु. |
|---|---|---|---|---|---|---|
| ९ | राधाकृष्ण भुपालमानसिंह कार्की मावि | विराटनगर | १ | | मोरङ | ३००००० |
| १० | चण्डेश्वरी आ.वि., | सुन्दरहरैचा | १० | | मोरङ | ३००००० |
| ११ | बाल मावि रानी | विराटनगर | १३ | | मोरङ | ३००००० |
| १२ | मिल्स मावि | विराटनगर | १६ | | मोरङ | ३००००० |
| १३ | अरुणोदय आवि | विराटनगर | ११ | | मोरङ | ३००००० |
| १४ | बुद्ध मावि | केरावारी | | | मोरङ | ३००००० |
| १५ | सुगाहाट मावि | पथरीशनिश्चरे | ५ | | मोरङ | ३००००० |
| १६ | रामजानकी आवि | पथरीशनिश्चरे | | | मोरङ | ३००००० |
| १७ | मच्छिन्द्र मावि | केरावारी गा.पा. | ८ | | मोरङ | ३००००० |
| १८ | कोशी मा.वि, | बराहक्षेत्र | ८ | बागझोरा | सुनसरी | ३००००० |
| १९ | सम्यक शिक्षा आ.वि. | धरान | १७ | | सुनसरी | ३००००० |
| २० | रामधुनी मा.वि. | रामधुनी | १ | | सुनसरी | ३००००० |
| २१ | मजदुर आ.वि. | बर्जु | ६ | | सुनसरी | ३००००० |
| २२ | जनता आवि | बर्जु | ३ | | सुनसरी | ३००००० |
| २३ | मोहन मावि | बराहक्षेत्र | ११ | मधुवन | सुनसरी | ३००००० |
| २४ | आदर्श मावि | बराहक्षेत्र न.पा. | | | सुनसरी | ३००००० |
| २५ | लक्ष्मी आ.वि, लाकु बलम्ता | लिम्चुङबुङ | ४ | | उदयपुर | ३००००० |
| २६ | आ.वि. बुर्जाकान्ला, | त्रियुगा | ५ | | उदयपुर | ३००००० |
| २७ | कपासे आ.वि., | उदयपुरगढी | ७ | | उदयपुर | ३००००० |
| २८ | मंगल परोपकार आ.वि., | उदयपुरगढी | ३ | | उदयपुर | ३००००० |
| २९ | पञ्चमी आवि | चौदण्डीगढी | | | उदयपुर | ३००००० |

उप-सचिव

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्रसंख्याः

चलानी नं.:

# सम्झौता-पत्र

(आ.व. २०७९/०८०)

आयोजनाको नामः **विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रम,** क्रियाकलाप नं. ११.४.१६.१

कामको विवरणः

विद्यालयको नामः

ठेगानाः

मन्त्रालयबाट योजनाको स्वीकृत रकम रु. ३,००,०००।— (तीन लाख)

लागत अनुमान रकम रु. ....................

विद्यालयबाट ब्यहोरिने रकम रु. ...............

बैंकको नामः खाता नं. .........

विद्यालयको PAN No.:

योजना शुरु गर्ने मितिः योजना सम्पन्न गर्ने मितिः ...............

प्र.अ.को नाम, थरः सम्पर्क नं. ............

वि.ब्य.स. अध्यक्षको नाम, थरः सम्पर्क नं. ...................

(क) सञ्चालन कार्यविधिः

१. छनोट भएका विद्यालयमा Specification बमोजिम Water Filters खरिद तथा व्यवस्थापनका लागि विद्यालय ब्यवस्थापन समिति मुख्य जिम्मेवार हुनेछ ।

२. Water Filters खरिद तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि विद्यालयले ब्यहोर्ने रकम उल्लेख गरी तोकिएको समय भित्र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित वि.ब्य.स. निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. स्वच्छ पिउनेपानी प्रवन्ध कार्यको सम्झौता सम्पन्न भएपछि सम्झौतामा उल्लेखित शर्तहरु अनुसार वि.ब्य.स.ले स्वीकृत Specification बमोजिम कार्य सम्पन्न गर्नु पर्नेछ ।

४. सम्झौता भएका विद्यालयलाई पहिलो किस्ता बापत पेश्की स्वरुप कूल अनुदान रकमको ८०% रकम विद्यालयको बैंक खातामा निकासा पठाइने छ ।

५. रकम प्राप्त गर्न विद्यालयको KYC Updated बैंक चेकको फोटोकपि प्रअवाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

६. सम्पूर्ण कार्य सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी माग गर्दा स्थानीय तहबाट कार्य सम्पन्न भएको सिफारिस, वि.ब्य.स.बाट खर्च अनुमोदन सहित तोकिएको कार्य सम्पन्न भएको ब्यहोराको निर्णय प्रतिलिपि, सक्कल बिल, भर्पाई, नियमानुसार करकट्टी गरी बैंक दाखिला गरेको भौचर र

फोटो पेश गरे पश्चात बाँकी (बढीमा २०% सम्म) रकम विद्यालयको बैंक खातामा निकासा हुनेछ ।

(ख) शर्तहरुः

१. स्वच्छ पिउनेपानी प्रवन्ध कार्यक्रम सम्झौता भएको ७ दिन भित्र प्रारम्भ गरी मिति २०८० जेठ मसान्त भित्र सम्पन्न गर्ने दायित्व वि.ब्य.स.को हुनेछ ।

२. तोकिएको कार्यका लागि निकासा भएको रकम हिनामिना भएमा सो रकम सरकारी बाँकी सरह सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ ।

३. विद्यालयले पेश गरेका बिल, भर्पाईहरुमा अग्रिम आयकर, सा.सु. कर लगायतका अन्य करहरु कट्टी गरी बैंक दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

४. कार्यक्रमको अन्तिम भुक्तानी गर्दा कूल लागतमा विद्यालय/स्थानीय तहले ब्यहोर्ने थप १५ प्रतिशत रकमको अंश घटाई बाँकी रकम निकासा पठाइनेछ ।

५. सामग्री खरिद तथा व्यवस्थापन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम गर्नु गराउनु पर्नेछ ।

६. विद्यालयले गरेको कार्यको लागत विवरण सहितको साइनबोर्ड (नमूना अनुसार) तयार गरी देखिने स्थानमा राखु पर्नेछ ।

साइनबोर्डको नमूना

१. आ.व. २०७९/०८०
२. कार्यक्रमको नामः विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध
३. मन्त्रालयबाट कार्यक्रमको स्वीकृत रकम रु. ३,००,०००।-
४. लागत अनुमान रकम रु. ........
५. विद्यालयले ब्यहोर्ने रकम रु. .........
६. स्रोतः प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर
७. कार्य शुरु भएको मितिः
८. कार्य सम्पन्न हुने मितिः
९. प्र.अ.को नाम, थरः सम्पर्क नं.
१०. वि.ब्य.स. अध्यक्षको नाम, थरः सम्पर्क नं.

**कबुलियतनामाः**

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरबाट विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्धका लागि छनौट भई निकासा हुने रु.३,००,०००।- अक्षरेपी रु. तीन लाख बाट तोकिएको कार्य

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्रसंख्याः

चलानी नं.:

निर्धारित समयमा स्वीकृत Specification र लागत अनुमान बमोजिम गुणस्तरीय रुपमा गर्नका लागि गरिएको कबुलियतनामाः

श्री ................................ विद्यालय ................. का वि.व्य.स. अध्यक्ष श्री ................. ...... .... .. .. र सदस्य सचिव (प्रअ) श्री ............ ........... ....... को संयुक्त जिम्मेवारीमा स्वीकृत लागत इस्टिमेट बमोजिम माथी उल्लेखित कार्यहरु स्वीकृत Specification अनुसार सार्वजनिक खरिद ऐन, नियम बमोजिम गुणस्तरीय रुपमा पारदर्शी ढंगबाट वि.व्य.स. मार्फत सम्पादन गर्न विद्यालय मञ्जुर भई सामाजिक विकास मन्त्रालय कोशी प्रेदश, विराटनगर सँग यो सम्झौता गर्दै सहिछाप गरी दियौं/लियौं ।

सम्झौता गर्ने पदाधिकारीहरुः

सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरको तर्फबाटः

रोहवरः

हस्ताक्षरः ..............

नाम, थरः .................

पदः .............

हस्ताक्षरः ..............

नाम, थरः .................

पदः .............

विद्यालयको तर्फबाटः

हस्ताक्षरः ..............

अध्यक्षको नाम, थरः .................

पदः .............

हस्ताक्षरः ..............

नाम, थरः .................

पदः .............

विद्यालयको छापः

मन्त्रालयको छापः

मितिः २० / /